# आर्थिक बर्ष २०८०/०८१ को

# बार्षिक नीति तथा कार्यक्रम

मेल्लेख गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

विन्ध्येवासिनी, अछाम

सुदूरपश्चिम प्रदेश

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु,**

**आज मिति २०८० साल असार १० गते आईतबारका दिन म यस मेल्लेख गाउँपालिकाको अध्यक्षके हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८० को वार्षिक निति तथा कार्यक्रम पेश गर्न उभिएको छु ।**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रममा उपस्थित सम्पुर्ण गाउँसभाका सदस्यज्यूहरु कार्यकारी अधिकृत ज्यू शाखाका प्रमुख तथा अन्य कर्मचारी, पत्रकार, सुरक्षाकर्मि साथिहरु र विभिन्न सुझाव दिनु हुने सम्पुर्ण बुद्धिजिवी, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु सम्पुर्णलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

यस अवसरमा नेपालको संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्तीका लागी विभिन्न कालखण्डमा नेपनली जनताले गरेका बलिदानीपुर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगाएत अन्य सबै आन्दोलनमा आफ्नो जिवनको आहुती दिने सम्पुर्ण विरहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस क्रममा घाईते तथा वेपत्ता यौद्धाहरु प्रति सम्मान प्रकट गर्न चाहान्छु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, भन्ने मुल नाराका साथ समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

हामी मेल्लेख गाउँपालिकामा स्थानीय सरकारको रुपमा रहि आफ्नो निति आफै बनाउने र आफ्नो लागी आफै शासन गर्ने लोकतन्त्रको अभ्यास गरिरहेका छौ । यस अवसरमा संविधानले सुनिश्चित गरेका कानुनी प्रावधानहरुलाई अक्षरस : पालना गर्ने र गराउने प्रतिवद्धता व्यक्त गर्दछु । साथै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण राख्दै जनताका सार्वभौम अधिकार, स्वायत्तता र सुशासनको अधिकारलाई आत्मसात गर्ने छौ । केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने छौ ।

दोस्रो पटक निर्वाचित जनप्रतिनिधिले गरेका कामको स्वामित्व लिदै नयाँपन सहितका कामहरु गर्नको लागि सम्भावना र चुनौतिको अग्नि परिक्षामा हामी उपस्थित छौ । मेल्लेख गाउँपालिकाका जनाका आशा र अपेक्षाहरु पुरा गर्न यो सभामा छलफल हुन्छ वा हुदैन यसको जवाफ जनप्रतिनिधिहरुले जनतालाई दिन जरुरी छ । यो

गरिमामय सभाबाट मेल्लेख गाउँपालिकाको विकास निर्माणमा थप उर्जाका साथ अगाढि बढ्न हामी तयार हुन जरुरी छ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकास र शिक्षा स्वास्थ्य कृषि उद्योग यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएको छ ।

**एक वर्षे कार्यसम्पादनका उपलब्धी**

१. ९/१२ सम्मको पशु विज्ञान प्राविधिक धार स्विकृत दरबन्दी जनता नमुना मा.वि. मेल्लेख अछामले प्राप्त गरेको छ ।
२. मेल्लेख गापाको सिमाना देखी गा.पा. कार्यालय सम्म १०.५ किलोमिटर सडक यस वर्ष कालो पत्रे निर्माण कार्य सम्पन्न हुदै छ ।
३. १५ शैया मेल्लेख आधारभुत अस्पतालको भवन निर्माणको लागी १६ करोड २६ लाख बजेटको ठेक्का टेण्डर भैसैकेको छ ।
४. मेल्लेख गा.पा. वडा नं. ८ मा स्थानीय मसला उधोग संचालन भैसकेको छ ।
५. औधोगिक ग्रामको विकासका लागी ३१ लाखको भवन निर्माण भईरहेको छ ।
६. मेल्लेख उद्योग ग्राम सुयडीमा स्थानीय अल्लोको कपडा उत्पादन भईरहेको छ ।
७. मेल्लेख उद्योगग्रामा कपडा ग्रामेन्ट उद्योग संचालनमा रहेको छ ।
८. मेल्लेख गा.पा. वडा नं. ४ गाञ्जामा नयाँ नमुना बाख्रा फर्म निर्माण भएको छ ।
९. मेल्लेख गा.पा. को मौलिक कला सास्कृतिक जर्गेनाका लागी ए.बि.सि. ईन्द्रेणि टेलिभिजन मार्फत कला सास्कृतिक प्रदशनी मार्फत देश विदेशमा चिनाउन सफल भयौ ।
१०. मेल्लेख गाउँपालिकाको हात्तिकोट कुस्कोट तोलिपाटा सडकको ५ किलोमिटर बाटो ग्राबेल गरिएको छ ।
११. हात्तिकोट खाडा चौखुट्टे ६ किलोमिटर ग्रामीण सडकको निर्माण कार्य सम्पन्न गरियो ।
१२. सुचना प्रविधिमा आधारित कर संचालन प्रणाली, ईसिफारिस, पुर्वाधार व्यवस्थापन प्रणाली संचालनमा ल्याईएको छ ।
१३. ५४ जना आँखा रोगिका निशुल्क आखा शिविर गरि आँखा अपरेशन गरियो ।
१४. ९ सय ६६ जना नागरिकता नपाएका मानिसहरुलाई घर घर मा गई नागरिकता प्रमाण पत्र वितरण गरियो ।
१५. आखाँका रोगिहरुका लागी ठाँटी, ऋषिदह का २ वडामा आखाँ जाच सिविर संचालन गरियो ।
१६ मेल्लेख गाउँपालिकामा ठाँटी र ऋषिदहका २ वडामा सामाजिक सुरक्षा भत्ता घर घर मा वितरण गरियो ।
१७. मेल्लेख गा.पा को ऋषिदह वडा नं. २ मा अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम गरियो ।
१८. मेल्लेख आधारभुत अस्पतालमा भिडियो ऐक्सरे मेशिन जडान गरि जनतालाई शुलभ सेवा संचालन गरियो ।
१९. आधारभुत अस्पतालमा पिउने पानीको व्यवस्थाका लागि पहल गरियो ।
२०. मेल्लेख गा.पा. वडा नं. ४ मा हिउदे फलफुल किवि पकेट भेगमा ७२० विरुवा वितरण गरियो ।
२१. युवा महिला दलित स्वरोजगारका लागि आलु चिप्स तालिम दालमोठ, अचार र सिस्नु प्रसोधन सहित जम्मा १ सय जनालाई तालिमको व्यवस्था गरियो ।
२२. अपाङ्ग, टुहुरा बालबालिका लाई झोला वितरण गरेका छौ ।

२३. जनयुद्धका बेला ज्यानको आभुति दिने सहिदहरुको नाममा सैलेन्द्र स्मृती सालिक र चौतारा निर्माण ठाँटीमा निर्माण गरियो ।
२४. नवप्रवद्धन साझेदारी कोष अर्न्तगत संचालित परियोजना अनुसार औद्योगिक ग्राम संचालनका लागी मेशिन खरिद, संकलन केन्द्र स्थापना, स्थानीय उत्पादन बढाउन विभिन्न उद्यममुलक तालिम संचालन, ईन्ट्रनेट र स्थानीय डाटा सेन्टरको स्थापना, तथा अन्य क्रियाकलापहरु सम्पन्नको चरणमा रहेको छ ।
२५. विद्युतिय हाजिरी संचालन कार्यविधि २०७९ पारित भई कार्यन्वयनको चरणमा रहेको छ ।

## आदरणीय गाउँसभाका सदस्यहरु

*१. स्थानिय सरकार र समृद्धिको अभियान शिक्षा, स्वास्थ्य, कृषि, उद्योग पर्यटन मौलिक सास्कृतिक युवा*

शिक्षा, स्वास्थ्य, कृषि, युवा त्यसैका लागि पुर्वाधार भन्ने स्थानीय सरकारको मुल नाारा हो । समृद्धि अभियानलाई सफल पार्न स्थानीय सरकारले नेतृत्व लिने र स्थानीय सरकारको पहलमा गरिविको अन्त्य र समृद्धि गाउं निर्माण योजना स्थानीय सरकारको लागि महत्वपुर्ण अवसर पनि हो । यो एक सम्भावनायुक्त महत्वकांक्षी योजना हो । यसलाई सम्पन्न गर्न चुनौतिहरु पनि त्यतिकै छन । यो अभियान सामान्य तरिकाबाट पुरा गर्न सकिदैन यसका विशेष कार्ययोजना र संकल्प आपश्यक छ । समृद्धि नै जनताको आकांक्षा भएकाले पालिका सरकारको प्राथमिक उद्देश्य पनि यो भन्दा पृथक हुन सक्दैन र छैन पनि आर्थिक समृद्धि भन्ने कुरा समाजका खास खास ब्यक्तिहरुको आर्थिक उन्नति मात्र होईन । आम रुपमा गरिविको अन्त्य हो । समृद्धिको अर्थ आर्थिक संगै सामाजिक, सास्कृतिक समृद्धि अर्थात सामाजिक न्यायको स्थापना विभेदरहित सुशासन समाज निर्माण, समतामुलक समाजको निमार्ण हुनु हो ।
समृद्धिको यो अभियानका लागि जनता मुख्य साधान हो, हामीसंग प्राकृतिक सम्पति , हावापानी , जल ,जमिन जंगल उत्पादन अनुकुल छ, हामी संग युवा बहुल समाज छ । केहि गर्नुपर्छ भन्ने चेतना भएको जनता हामिसंग छ । केहि गर्नुपर्छ भन्ने नेतृत्वको इच्छाशक्ति र योजना पनि हामिसंग छ । तसर्थ यसलाई राम्रोसंग सदुपयोग गरौ । अघिल्लो कार्यकालको स्थानीय सरकारले शुरु गरेका उद्योगहरु, सहकार्यका प्रयासहरु ,श्रम सहकारि लगायतका नयाँ संरचनाहरु अझै ब्यवस्थित र सुदृढ गरौ,

यस्तै सामाजिक, साँस्कृतिक रुपान्तरण, समाजवादी साहित्य रचना र तिनका प्रचार प्रसार, कला क्षमता भएको जनशक्ति निर्माण समेतमा उपयोग गरिनेछ । मेल्लेख गाउँपालिकाले उत्कृष्ट कृषि व्यावसायि आर्थिक सास्कृतिकका लागी मितव्ययी तथा पारदर्शि आर्थिक प्रणाली अपनाउनुपर्छ । पालिका सरकारले जनताका तमाम कामहरु सरल र सहज ढंगले सम्पादन गर्नेछ । गरिब परिवारलाई आत्मनिर्भर बनाउन थप योजना बनाउन आवश्यक छ । त्यसका लागि गरिब घर परिवारको तथ्याङ्क लिने तिनलाई संगठित गर्ने र आवश्यक सहयोग गर्ने कार्य गरिनेछ । गरिविबाट जनतालाई मुक्त गर्न उत्पादनका लागि थप मदत गर्ने नीति अबलम्बन गर्नुपर्दछ । यस अभियानको मुल उदेश्य नै गरिविको अन्त्य गर्नु हो । स्थानिय सरकारले आपनो पालिका भित्र सबैलाई संगठित गर्ने, सहयोग गर्ने र परिचालन गर्ने कार्यको नेतृत्व गर्नेछ ।

वार्षिक योजना तथा वजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरुलाई आधार लिइएको छ ।

- नेपालको संविधान, २०७२ को प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्यप्रणाली एवं एकल तथा साझा अधिकार सूचि,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
- स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- श्रोत साधन
- विकासका अन्तर सम्बन्धित विषयहरु
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु
- संघीय र प्रदेश सरकारले जारी गरेका विभिन्न निर्देशनहरु
- दिगो विकासका लक्ष्य
- पन्धौ पञ्चवर्षिय योजना
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन
- महालेखा परीक्षकको वार्षिक प्रगति प्रतिवेदनबाट प्राप्त सुझाव
- स्थानीय नागरिक समाज, राजनीतिक दल, बुद्धिजिवी, शिक्षक, संचारकर्मी,, पूर्व जनप्रतिनिधि र विभिन्न संघसंस्थाबाट प्राप्त सुझाव

वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकता दिएको छ ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
- स्थानीय सहभागिता जुट्ने, स्वयमसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक  समानता र सामाजिक, समावेशिकरण अभिबृद्धि हुने
- दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने
- दक्ष जनशक्ति परिचालन गरी रोजगारीमूलक क्षेत्रमा जोड दिने
- पोषण कार्यक्रमलाई प्रवद्धन गर्ने
- कृषि
- स्वास्थ्य
- ठुला योजना पालिका र साना योजना वडा परिषद् बाट प्राथमिकिकरणको आधारमा गरिने छ ।

आदरणीय गाउँसभाका सदस्यहरु

## विषयगत क्षेत्रहरु

## (क) आर्थिक विकास

कृषि तर्फ :

- मेल्लेख गाउँपालिकाका सम्पुर्ण कृषकहरुलाई कृषि उत्पादनबाट आर्थिक आत्मनिर्भर गर्न १ एक घर १ फलफुल अध्यक्ष कार्यक्रम अर्न्तगत एवोगाड वितरण गरिने छ ।
- मेल्लेख गाउँपालिकको बाजो जमिन र भुगोलको ३ क्षेत्रमा विभाजन गरिएको छ ।
- मेल्लेख गा.पा. को तल्लो क्षेत्रमा आप, केरा, लिच्ची फलफुल प्याकेट क्षेत्रको लागी बजेटको व्यवस्था गरिने छ ।
- मेल्लेख गा.पा.को बिच भागमा अमिलो जातको फलफुल कागती, सुन्तला, अमिलो, मौसमी, अनार फलफुल प्याकेट क्षेत्रको लागी बजेटको व्यवस्था गरिने छ ।
- मेल्लेख गा.पा. को माथिल्लो क्षेत्रमा उन्नत जातको ओखर किवि खेति पकेट क्षेत्रका लागी वजेटको व्यवस्था गरिने छ ।
- बाली/बस्तुको भौगोलिक तथा प्राविधिक सम्भाव्यता अध्यायन र माटो परिक्षण गरी बालीको सिफारिस सहित माटोको नक्साङ्कन गरी DPR(कृषि प्रोफाइल) तयार गरिनेछ ।
- बाली/बस्तुको भौगोलिक तथा प्राविधिक संभावनाका आधारमा एक वडा एक नमूना फलफूल बगैचा स्थापना गरिनेछ ।
- उष्कृठ कृषक सम्मान तथा पोत्साहन सहित कृषि मेला प्रर्दशनी कार्यक्रम संचालन गरिनेछ ।
- गुणस्तरिय फलफूलको उत्पादन बढाउन यस पालिकामा फलफूल नर्सरी स्थानपना गरिनेछ ।
- जलबायु परिवर्तनले गर्दा किसानको बालीमा  देखिएका रोग तथा कीरा नियन्त्रण गर्न बाली उपचार शिविर कार्यक्रम संचालन गरिनेछ ।
- उच्य मूल भएका नगदे बाली(कफी र अलैची खेती) को खेती विस्तार गरिनेछ ।
- जलबायु परिवर्तलने गर्दा किसानको बालीमा भविष्यमा हुन सक्ने जोखिम कम गर्न कृषि तथा पशुपन्छी बीमा सम्बन्धि तालीम संचालन गरी बीमा बाली तथा पशुपन्छी बीमा कार्यक्रमलाई अगाडी बढाइने छ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बढाउन आधुनिक खेति प्रविधि सम्बन्धी तालिम संचालन गरिनेछ ।
- कृषि उत्पादनमा लागत कम गर्न मौसमी तथा बेमौषमीजातका उन्नत तरकारी बाली बीउ बिजन वितरण गरिनेछ ।
- मानव स्वास्थ्यलाई मध्यनजर राखी प्राङ्गारिक कृषि उत्पादनलाई जोड दिइनेछ ।
- यस पालिकामा प्रर्याप्त मात्रामा सम्भावना भएका मसलाजन्य बालीहरुको क्षेत्रफल विस्तार गरिनेछ ।
- उच्च पोषणयूक्त गुण भएका रैथाने  बालीहरु जस्तै कोदो, कागुन,जौ,फापर,भटमास आदिको संरक्षण गरी खेती विस्तार गरिने छ।

- संकलन केन्द्र निर्माण गरी कृषि तथा पशुजन्य उपजको बजारिकरणमा सहयोग गरिनेछ ।
- कृषि पढेर बसेका बेरोजगार युवाहरुको डाटा संकलन गरि कृषि भर्मण गराई व्यावसायीक रुपमा आधुनिक खेति गर्न टेवा पुर्याउने लक्ष्य रहेको छ ।
- मल खादमा आत्म निर्भर हुन जैविक मल (vermicomposting) को सुरुवात गरिने छ ।

## पशुसेवा तर्फ :

मेल्लेख गाउँपालिका कृषि पशु पालन मात्र आर्थिक उपार्जन को एक प्रमुख भरपर्दो माध्यम हो । बोट देखि ओठसम्म र गोठ देखि ओठ सम्म स्वच्छ खाना कृषि नारा लाई सम्बोधन गरिने छ । उन्नत नश्लका राँगा, बोका, बितरण मा जोड गरिनेछ । पशु मा कृर्तिम गर्भाधान सुरुगरीने छ । एक गाउँ एक प्राबिधिक वडामा बिस्तार गरिने छ । बाखा को व्यवस्थापन को लागी खोर मा जोड गरिनेछ । दुध, फुल, र मासु मा पालिका लाई आत्मनिर्भर गरिनेछ र आयत लाई प्रतिस्थापन र निर्यातमा जोड गरिने छ । जिबिको पार्जन भन्दा व्यबसायिक कृषि प्रणालीमा जोड गरिने छ । प्रत्यक वडामा बिषय बिषेशज्ञ सहित को पशु स्वास्थ्य शिबीर संन्चालन गरीने छ । परजीबी ग्रस्थ पशु को पहिचान गरी उपचार सेवा गरीनेछ । स्वस्थ मासु उपभोग गर्न एक बट्टा गापा स्तर नमुना मासु पसल स्थापना गरिनेछ ।लम्पि स्क्रिन रोग लाई नियमन गर्न थप औषधि तथा खोप को ब्यबस्था गरिने छ ।

मेल्लेख गाउँपालिकालाई पशुपन्छि व्यवसायबाट पशुपालनलाई प्राथमिकतामा राखि २०८० देखि २०८४ साल सम्म आर्थिक वृद्धिमा आत्मनिर्भर गराउने

- १ वडा १ नमुना बाखा फर्म निर्माण गर्न बजेटको व्यवस्था गरिएको छ । यस वर्ष हात्तिकोट ८ र ३ ठाँटी मा रहने छ ।
- १ वडा १ नमुना भैसी पालन फर्मका लागी बजेटको व्यवस्था गरिने छ र यस बर्ष २ वडा छनोट गरिने छ ।
- १ वडा १ नमुना कुखुरा पालन गरि अण्डा उत्पादन का लागि बजेटको व्यवस्था गरिने छ ।
- मेल्लेख गाउँपालिकाको स्थानीय उत्पादनलाई प्राथमिकिकरण गर्ने र भेडा च्याग्राबाट उत्पादन हुने उनको कपडा उत्पादन लाई सिप मुलक तालिमको व्यवस्था गरिने छ ।
- १ वडा १ नमुना लोकल कुखुरा पालन फर्म निर्माण गर्न बजेटको व्यवस्था गरिने छ ।

## उद्योग तथा प्रर्यटन

- गरिबी निवारणका लागी लघु उधम बिकास कार्यक्रम  अन्तर्गत दलित,महिला,एकल महिला,पिछडिएका वर्ग तथा सिमान्तकत आदि लाई समेटि नयाँ उधमी सृर्जना गरिने छ ।
- लघु उधम बिकास कार्यक्रममा उधमशिलता, सिप बिकास तालिम लिएका व्यक्तिहरुलाई उत्कृष्ट उधमीका रुपमा छनोट प्रविधी हस्तान्तरण गरिने छ ।
- यस लघु उधम कार्यक्रमलाई प्रभावकारी,दिगोपन,चुस्त दुरुस्त बनाउनका लागी लघु उधम जनशक्ति पहिचान गरिने छ ।
- लघु उधमीले उत्पादन गरेका बस्तुहरुको गुणस्तर,लेबलिङ,बिकि बितरणको प्रबन्ध मिलाईने छ ।

- निरन्तर उधम व्यवसाय गरिरहेका उधमीलाई व्यवसायिक सुधार,व्यसायिक परामर्श पुनर्ताजगी (स्तरोन्नती) तालिम दिईने छ ।
- उधमीहरुले उत्पादन गरेका बस्तुहरु सँकलन गर्नको लागी साझा संकलन केन्द्र (उधम घर) को स्थापना का लागि बजेटको व्यवस्था गरिने छ ।
- आर्थिक बर्ष २०८०/०८१ मेल्लेख गाउँपालिकाले औद्योगिक ग्राम मार्फत १ वडा १ उद्योगको स्थापना गरिने छ ।
- यि स्थानीय उद्योगले स्थानीय कच्चा पदार्थलाई प्राथमिकता दिने र उत्पादन बाट निर्माण हुने सामानको तालिम प्राप्त जनशक्तिलाई प्रयोग गरि स्वरोजगार ग्यारेन्टी गरिने छ ।

## पर्यटन तर्फ :

- मेल्लेख गाउँपालिकाको पर्यटन प्रवद्धन विकासका लागी कार्यविधि निमार्ण गरि कार्यन्वयनमा लिईरहेका छौ ।
- मेल्लेख गाउँपालिकाले उद्योग पर्यटन विकास प्रवद्धनका लागि पर्यटन प्रवद्धन विकास शाखा स्थापना गरि पर्यटन प्रवद्धन र उद्योगलाई पर्यटन विकास शाखा मार्फत संचालन गरिने छ ।
- मेल्लेख गाउँपालिकाले पर्यटन प्रवद्धन विकासका लागि ऐतिहासिक सम्पदाहरु विमकोट दरबारहरु नन्दामाता तिर्थ स्थल, ऋषिमाणु दह, डाफे ताल चुलिकोट, खापारमाण्डु लिङमनीको उद्गम स्थल भण्डारकोट देवल सुगरदह र सातमुल लगायतका क्षेत्रहरुको भुवर्गिकरण भई नक्साङकन गरि पर्यटन क्षेत्र विकासको घोषणा का लागी आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- मेल्लेख गाउँपालिकामा शुगरदह सहिद पार्क निर्माण गरिने छ ।
- मेल्लेख गाउँपालिकामा झडिगाउ स्टोन पार्क निर्माण गरिने छ ।
- नन्दामाता तिर्थालु आश्रम र पानीको धारा निर्माणका लागि वजेटको व्यवस्था गरिने छ ।
- G.P.S. सहितको ट्र्याक सफ्टवेयर निर्माण गरिने छ ।
- धार्मीक तथा पर्यटकिय क्षेत्रको ईतिहास सहितको सफ्ट कपी बुकलेट निकालीने छ ।
- पर्यटक, सास्कृतिक, औद्योगिक र साहित्यिक महोत्सवको आयोजना गरिने छ ।
- सूचना प्रविधि मार्फत पर्यटकीय क्षेत्र प्रवद्धन गर्ने पर्यटकिय पोर्टल निमार्ण गरिनेछ ।

## सहकारी तर्फ :

जनताको आर्थिक, सामाजिक र साँस्कृतिक विकासको मुख्य आधार सहकारी व्यवसाय रहेकोले आर्थिक विकासको एउटा खम्बा सहकारी हो, संघिय सरकारको (सार्वजनिक, निजि तथा सहकारी) तिनसम् अर्थनीतिमा पनि सहकारीलाई अगाडी

बढाउन खोजिएको अवस्थामा यस गाँउपालिकामा न्यून आय भएका घरपरिवार, विपन्न वर्ग, श्रमिक वर्ग तथा ग्रमिण क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरणको लागि सहकारी क्षेत्रमा निम्न खालको कार्य रणनीति अपनाईने छ ।

- सहकारी संस्थाको रजिष्ट्रेशन एकिकरण, विघटन र दर्ता खारेजी प्रकृया सघन अनुगमन पश्चात कार्यान्वयन गरिने छ ।
- सहकारी संस्थाको प्रबर्द्धनका लागि यथासिघ्र लेखापरिक्षण कार्य गराई बाँकी बक्यौता, हिनामिना भाखा नाघेको ऋण असुलीमा सहयोग गर्न नीति बनाईने छ ।
- सहकारी भावनाको अभिवृद्धि गराउन सदस्यहरुलाई सहकारी शिक्षा तालिम र सहकारी पदाधिकारी र कर्मचारीहरुलाई सहकारी तथा गरिबी सम्बन्धि व्यवस्थापन सूचना प्रणाली COPOMIS लागु गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ
- सहकारी संस्थामा हाल देखिएका समस्याहरुमा उजुरी छानविन तथा विवाद समाधान गरि सक्य सहकारीलाई प्रोत्साहन र निकय सहकारीलाई दता खारेजी प्रकृयामा लिईने व्यवस्था गरिने छ ।
- सहकारी संस्थामा आवद्ध सदस्यहरुको आर्थिक स्तरमा सुधार गर्न नमुनाको रुपमा “एक सहकारी एक उत्पादन “ कार्यक्रम सञ्चालन गर्न सहकारीहरुलाई प्रेरित गरिनेछ ।

## (ख) सामाजिक विकास तर्फः

**शिक्षा :**

शिक्षा मानव जीवनको तेस्रो आँखा हो । शिक्षा विना मानव सभ्यता, शिष्टता र विकासको परिकल्पना समेत गर्न सकिदैन । त्यसको महत्व बुझी यस पालिकाको शैक्षिक विकासका लागि मेरो नेतृत्वमा रहेको स्थानीय सरकार मेरो कार्यकाल अबधिभर अघि बढ्ने छ । विद्यालयमा शिक्षक र विध्यार्थी अनुपालको आधारमा शिक्षक दरवन्दी मिलान गरि आवश्यक शिक्षकको ब्यावस्था गरिने छ । अध्यापन अनुमती पत्र भएका शिक्षकहरुलाइ नियुक्ती गंर्दै शिक्षाको गुणमस्तर सुधारका लागि आबश्यक शिक्षकको शैक्षिक गुणस्तर सुधार गर्दै लगिने छ । बिशेषतय विद्यालयको भौतिक संरचना बनाउनु पर्छ भन्ने ध्यायका साथ नेतृत्वले काम गरिरहेकोले अधिकांस विद्यालयमा पक्की भवन बनिसकेका छन बाँकी रहेका विद्ययालयमा पक्की भवन बनाउदै शैक्षिक गुणस्तर सुधारमा ध्यान जानेछ र साथै विद्‌यालयको समग्र विकासकालागि ठोस कार्ययोजना  अनुसार काम गरिने छ । भौतिक संरचनाले  मात्र विद्यालयको शैक्षिक गुणस्तर सुधार हुदैन रहेछ त्यसैले अवको हाम्रो कार्य शैक्षिक गुणस्तर सुदृढीकरण तर्फ जानुपर्दछ र त्यसका लागि हामिले कार्ययोजना बनाई त्यसै अनुसार अघाडि बढने योजना बनाएका छौ । आगामि दिनमा सबै बालबालिका विद्यालय जाउन् र गुणस्तरिय शिक्षा पाउन् भन्ने मुल मन्त्रका साथ अघाडि बढने छौ । मेल्लेख गाउँ पालिकाले बिगतका अनुभवको समिक्षा, बर्तमानको आंकलन र भविष्यको परिकल्पना गर्दै मेल्लेख गाउँ पालिका शिक्षा योजना २०७८-०८८ गरी १० वर्षे गुरु योजना बनाएकोले त्यसैलाइ मध्यनजर गरी आगामी शिक्षाका कार्यकम तय  गरिएका छन् ।

- मेल्लेख गाउँपालिकाले स्रोत शिक्षकहरुको अस्थायी दरबन्दी सिर्जना गरि कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।
- गाउँपालिकाको स्रोतबाट तलव खाने शिक्षक लेखापाल बालविकास शिक्षकहरुको तलव बृद्धि गरिने छ ।

- ➢ उच्च शिक्षा डक्टर, इन्जिीनियर जस्तो शिक्षाका लागि कार्यविधि बनाइ योग्य र लक्षित बर्गका लाभान्वित हुनेगरि
- ➢ छात्रबृती को ब्यबस्था गरिने छ ।
- ➢ अभिभावक विहिन शहिद परिवारका बालबालिकाका लागि पोशाक सहित शैक्षिक सामाग्रीका लागि बजेट विनियोजन गरिने छ ।
- ➢ शिक्षकको कार्यदक्षता अभिबृद्धी गर्न सवै तहका शिक्षकका लागि मागमा आधारित तालिमका लागि बजेट गरिने छ ।
- ➢ विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि विद्यालय अनुगमन लाई नियमित र प्रभावकारी बनाईने छ ।
- ➢ प्राथमिक विद्यालयलाई प्रविधि संग जोड्नका लागि आवश्यक बजेट विनियोजन गरेका छौ ।
- ➢ सानैदेखि बालबालिकाको खेल सीप विकास गर्न वडा स्तरीय र पालिका स्तरीय खेलकुदका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।
- ➢ शिक्षाको जग भनेको बालबालिकाको प्रारारम्भिक अवस्था त्यसैलाइ मध्यनजर गरि यो वर्ष ५ वटा विद्यालय लाई नमुना प्राथमिक विद्यालय घोषणा गरि आवश्यक बजेट बिनियोजन गरिने छ ।
- ➢ पालिकाको भूगोल, वातावरण, ईतिहास ,संस्कृत भाषा लगायत संग परिचित गराइ त्यसको संरक्षणका गर्नका लागि स्थानिय पाठ्यक्रम तथा  पाठ्यपुस्तक बनाइ कक्षा १ देखी ८ सम्म लागु गर्न आवश्यक वजेट विनियोजन गरिने छ ।
- ➢ शैक्षिक गुणस्तर सुधारका लागि सरोकार पक्षहरु बिच अन्तरकृया कार्यक्रम संचालन गरिने छ ।
- ➢ नियमित प्रअ तथा सरोकार पक्षहरु बिच बैठक छलफल, अन्तरकृया कार्यक्रम संचालन गरि विद्यालयको शैक्षिक गुणस्तरमा सुधारकालागि पहल गरिने छ ।
- ➢ बालविकास केन्द्रलाइ ब्यबस्थित गर्दै लैजाने र यो आर्थीक बर्षमा कुनै दुइ ओडालाइ छनौट गरि ब्यवस्थित गरि लैजानका लागि आबश्यक बजेट विनियोजन गरिने छ । क्रमस यसलाइ सवै ओडामा निरन्तरता दिइने छ ।
- ➢ किसोरकिसोरीलाइ लागु प्रदार्थ तथा दुब्यासनी बाट बचाउन माध्यामिक विध्यालयमा सचेतना कार्यक्रम संचालन गरिने छ ।
- ➢ विध्यालयलाइ ICT संग जोड्दै प्रविधी मैत्री शिक्षालाइ आत्मसाथ गर्दै क्रमस सवै विध्यालयमा न्युनतम एक कम्प्युटर एक प्रिन्टर संगै Intrenet संगै जोड्दै लैजानकालागि आबश्यक बजेट र्तजुमा गरेका छौ ।
- ➢ दलित, एकल महिला, विपन्न वर्ग र अपाङ्ग बिद्यार्थीहरु लाई छात्रबृद्धि तथा प्रोत्साहन गरिने छ ।
- ➢ नि.मा.वि. र मा.वि. बिद्यालयमा ईलेक्ट्रोनिक सेनिटर प्याड डिस्पोजल मेसिन जडान गरिने छ ।

**स्वास्थ्य :**

नेपालको संविधान २०७२ अनुसार प्रत्येक नागरिकले निशुल्क रुपमा गुणस्तिरिय स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चित गरेको छ । जुन स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने गाउपालिकाको एकल अधिकार भित्र पर्दछ । प्रत्येक गाँउपालिका बासिको आकस्मिक तथा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नु गाउँपालिका सरकारको दायित्वको रुपमा अगाल्दै आगामी आ.व. मा गाउपालिका सरकारले तपशिलका स्वास्थ्य निति लिएको छ ।

**बाल स्वास्थ्य**

- मेल्लेख गाउँपालिका अन्तरगतका बालबालिकाको पोषण अवस्थामा सुधार गरि स्वास्थ्य अवस्थामा सुधार ल्याई उत्पादन मुलक जनशक्तिको उत्पादन तथा बालबालिकामा पोषण को कमी बाट हुन सक्ने स्वास्थ्यमा असरहरु कमी गर्न अर्धवार्षिक रुपमा ६ देखि २३ महिना सम्मका बालबालिकाहरुको पोषण लेखाजोखा गर्न आवश्यक वजेट विनियोजन गरि कार्यान्वयन गरिनेछ । जसले गर्दा स्वास्थ्य सम्बन्धी दिगो विकास लक्ष्य पुरा गर्न गाउपालिकालाई सहयोग पुग्नेछ ।
- बालबालिकाको पोषण अवस्था सुधार ल्याउन विभिन्न किसिमका पोषण सम्बन्धी व्यवहारमा परिवर्तन गर्ने जनचेतनामुलक कार्यक्रम गरिनेछ ।
- बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन तथा वृद्धी अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाउन जन्मे देखि २४ महिना भित्रमा पुर्ण रुपमा २४ पटक आफ्ना बालबालिकाहरुको बृद्धी अनुगमन गर्ने आमा वा अभिभावक लाई मोडेल अभिभावकका रुपमा सम्मान गर्ने जस्ता कार्यक्रमहरु लागु गरिनेछ ।
- विभिन्न पोषण सम्बन्धी दिवसहरु जस्तै स्तनपान दिवस पोषण सप्ताह आयोडिन महिना जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**विधालय स्वास्थ्य कार्यक्रम :**

- विधालय स्वास्थ्य कार्यक्रम अन्तर विधालयमा अध्ययनरत किशोरीहरुलाई आईरन चक्की वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- प्रत्येक मा.वि. तथा उच्च मा.वि मा सामान्य उपचारका लागि औषधी सहितको प्राथमिक उपचार बक्स व्यवस्था गरिनेछ ।
- प्रत्येक मा.वि. तथा उच्चतम विधालयमा किशोरीहरुका लागि महिनावारीका बेला आवश्यक पर्ने सरसफाईका लागि निशुल्क स्यानीटरी प्याडको व्यवस्था गरिनेछ ।

**खोप कार्यक्रम :**

- प्रत्येक वर्ष झै यो आ.व.मा पनि मेल्लेख गाउपालिकाले सम्पुर्ण बालबालिकाहरुले १५ महिनाको उमेर भित्र पाउनुपर्ने खोपहरु पाए नपाएको सुनिश्चित गर्न माघ फागुन चैत्र मा स्वास्थ्यकर्मी द्वारा घरधुरी सर्भेक्षण गरि प्रत्येक बालबालिकाहरुले पाउनुपर्ने खोप पाएको सुनिश्चित गरि बैशाख महिनालाई खोप महिनाका रुपमा मनाउने र पुर्ण खोप दिगोपना सुनिश्चितता घोषणा कार्यक्रमलाइ निरन्तरता दिनेछ ।
- प्रत्येक वडामा खोप कार्यक्रमलाई गुणस्तरिय सेवा बनाउनका लागि आवश्यक पर्ने कोल्डचेन सामाग्रीहरुको व्यवस्था गरिन्छ ।

**आमा सुरक्षा तथा प्रजनन् स्वास्थ्य कार्यक्रम :**

- प्रत्येक आमाहरुको गुणस्तरिय प्रजजन स्वास्थ्य सेवा दक्ष स्वास्थ्यकर्मी बाट पाउने अधिकारको सुनिश्चित गर्नेछ । जसका लागि आवश्यक वजेट विनियोजन गर्नेछ ।
- जटिल अवस्थामा आमाहरुको उपचार गर्न वा रिफर गर्नका लागि एम्बुलेन्स सेवा निशुल्क. तथा गरिव तथा विपन्न वर्गका आमाहरुका लागि आकस्मिक अवस्थामा रिफर गर्नका लागि आमा सुरक्षा रिफरल कोषको स्थापना गरिनेछ ।
- प्रत्येक प्रसुति केन्द्रमा कम्तिमा दुईजना नर्सिंग कर्मचारी तथा कम्तिमा एक जना दक्ष प्रसुतिकर्मीको व्यवस्था गरिनेछ ।
- प्रसुति केन्द्र बाट गुणस्तरिय प्रसुति सेवा प्रदान गर्न आवश्यक स्वास्थ्य सामाग्रीको व्यवस्था गरिनेछ ।
- नवजात शिशु तथा मातृपोषणमा सुधार ल्याई पोषणका माध्यम बाट मातृ तथा नवजात शिशु मृत्यु दरमा कमी ल्याउन गर्भवति महिलालाई गा.पा. अध्यक्ष पोषण कोशेली तथा सुत्केरी महिलालाई गा.पा. उपाअध्यक्ष पोषण कोशेली जस्ता कार्यक्रम लागु गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्था बाट ५ वटै परिवार योजनाका साधन अनिवार्य उपलब्ध हुने व्यवस्था गरिनेछ ।
- क्रमिक रुपमा पुर्ण संस्थागत सुत्केरी वडा तथा पालिका घोषणा, पुर्ण गर्भवति जाँच वडा तथा पालिका घोषणाका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- २४ घण्टा प्रसुती सेवा लाई प्रभावकारी बनाउन राति काम गर्ने नर्सिंग कर्मचारीहरुलाई खाजाको व्यवस्था गरिनेछ ।
- १० देखि १९ वर्षका किशोर किशोरीहरुको यौन तथा प्रजजन् स्वास्थ्य सेवा प्रवाहलाई सुनिश्चित गर्न क्रमिक रुपमा किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषण कार्यक्रमको सुरुवात गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रम गर्भजाच,सुत्केरी जाँच,स्वास्थ्य संस्थामा प्रसुति तथा बृद्धी अनुगमन जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन मेडिक मोवाईल कार्यक्रमको सुरुवात गरिनेछ ।
- ग्रामिण Ultra sound कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकार अन्तरगत सुरक्षित गर्भपतन सेवा कार्यक्रम विस्तार तथा निरन्तरता गरिनेछ ।

**महिला स्वास्थ्य स्वयम् सेविका कार्यक्रम :**

- महिला स्वास्थ्य स्वयम् सेविका जनस्वास्थ्य कार्यक्रमको एउटा बलियो खम्मा भएकाले उहाहरुको काम प्रतिको मनोवल वढाउन प्रत्येक वर्ष प्रदान गरिदै आईरहेका प्रोत्साहन खर्चमा रु १००० हजार एक हजार थप गरि निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयम् सेविका तथा स्वास्थ्यकमीहरुको उपस्थितिमा प्रत्येक आमा समुहमा गरिने वैठक लाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यकर्मीहरुलाई संचार खर्चको व्यवस्था तथा बैठकमा खाजाको व्यवस्था गरिनेछ ।
- उमेर हद पुगी स्वतः अवकाश हुने स्वयम् सेविकाहरुलाई नेपाल सरकार द्धारा प्रदान गरिदै आईरहेको रु २००००। मा  गाँउपालिका बाट रु ३००००। थप गरि स सम्मान विदाई गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।
  (रिटाईर हुने स्वयम सेविका पत्ता लगाउने)

- प्रत्येक महिना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका मासिक समिक्षा तथा प्रतिवेदन बैठकमा मा खाजा खर्च प्रदान गरिनेछ ।
- मेल्लेख गाँउ पालिका अन्तरगतमा कार्यरत स्वास्थ्यकर्मीहरुको काम गर्ने मनोबल बढाउन विभिन्न कार्यक्रममा उत्कृष्ट स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था छनौट गरि पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

**नसर्ने तथा दिर्घरोग सम्बन्धी कार्यक्रम :**

- विश्वमा बढ्दै गइरहेको नसर्ने रोग तथा मानसिक समस्या र सडक दुर्घटनाहरुको प्रकोप लाई न्युनिकरण गर्न आवश्यक सुचनामुलक कार्यक्रम विभिन्न संचार माध्यम बाट प्रसारणमा जोड दिइनेछ ।
- जेष्ठ नागरिक तथा दिर्घरोगी सँग गाउपालिका सरकार जस्ता कार्यक्रमको माध्यम बाट प्रत्येक महिनामा स्वास्थ्यकर्मी टोल टोलमै गई दिर्घरोगीहरुको फलोअप भेट तथा जेष्ठ नागरिकको सामान्य स्वास्थ्य जाँच कार्यक्रमको सुरुवात गरिनेछ ।

**गाँउघर क्लीनिक तथा बाह्य खोप सेसन :**

- स्वास्थ्य संस्थाको पहुँच बाट टाढा रहेका टोल बस्तीमा आधारभुत स्वास्थ्य सेवा,सुरक्षित मातृत्व सेवा,खोप सेवा,परिवार योजना सेवा बृदी अनुगमन सेवा जस्ता अत्यवाश्य स्वास्थ्य सेवा प्रदान गर्न सहज बनाउन आवश्यक सामाग्रीहरु तथा भवनहरुको मर्मत तथा क्रमिक रुपमा भवन निर्माण गर्न यो आ.व. मा कम्तीमा दूई स्थानमा भवन निर्माणका लागि बजेट विनियोजन गरिनेछ ।
- स्वास्थ्य संस्था बाट प्रदान गरिने स्वास्थ्य सेवालाई सहज सरल र गोपनिय अनि गुणस्तरिय बनाउन नेपाल सरकारको मापदण्ड अनुसार का भवन हुन जरुरी देखिएकाले यो आ व बाट सुरु हुनेगरि प्रत्येक वर्ष एक वटा भवन निर्माण का लागि वजेट विनियोजन गरिनेछ ।
- मेल्लेख गाउपालिका अन्तरगतमा संचालित आधारभुत अस्पताल बाट प्रदान गरिने स्वास्थ्य सेवा गुणस्तरिय बनाउन आवश्यक स्वास्थ्य सामाग्री खरिद का लागि वजेट विनियोजन गरिनेछ ।
- आधारभुत अस्पताल बाट प्रदान गरिदै आएका सेवा भिडियो एक्सरे,एक्सरे,ल्याव सेवा डक्टरको पदपुर्ति लाई निरन्तरता दिईनेछ ।

**उपचारात्मक तथा व्यवस्थापन**

- नेपाल सरकार द्धारा निशुल्क वितरण गर्ने भनी तोकिएका ९८ प्रकारका औषधीहरु बाह्रै महिना निशुल्क उपलब्ध गराउन खरिदका लागि आवश्यक पर्ने वजेटको व्यवस्था सुनिरिश्चत गरिनेछ ।
- निशुल्क औषधीहरुको गुणस्तरमा कमी हुन नदिन तथा व्यवस्थित तरिकाले भण्डारण गर्न स्टोर व्यवस्थापनका लागि वजेट विनियोजन गरिनेछ ।
- सम्पुर्ण स्वास्थ्य संस्था बाट प्रदान गरिने स्वास्थ्य कृयाकलापहरुको सकारात्मक अनुगमन तथा सुपरिवेक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
- सामान्य आधारभुत प्रयोगशाला परिक्षण गर्नका लागि पनि टाढा टाढा जानुपर्ने अवस्थालाई सहज वनाउनका लागि बाकी रहेका स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गर्नका लागि आवश्यक प्रयोगशाला सामाग्रीहरु तथा कर्मचारीको व्यवस्था गरिनेछ ।

- स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समिती लाई आफ्नो काम कर्तव्य वारे अभिमुखिकरण गराई स्वास्थ्य संस्था द्धारा प्रदान गरिने सेवाहरु गुणस्तरिय वनाईनेछ ।
- बदलिदो आधुनिक ईन्टरनेटको जमनामा स्वास्थ्य संस्था द्धारा संचालन गरिने स्वास्थ्य सेवालाई पनि ईन्टरनेट मैत्री अर्थात पेपरलेस बनाईनेछ ।
- स्वास्थ्य संस्थामा आवश्यक पर्ने सामान्य मसलन्द विजुली विल भुक्तानी जस्ता कार्यका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- पालिका अन्तरगतमा कार्यरत स्वास्थ्यकर्मीहरुको काम गर्ने मनोवल बढाउन तथा कुशल कार्य सम्पादन गर्न करार कर्मचारीहरुको तलव भत्ता नेपाल सरकारको तह अनुसारको सुरु स्केल अनुसार प्रदान गर्न वजेटको व्यवस्था गरिनेछ ।
- भौगोलिक विकटताका कारण सवै ठाँउमा यातायातको साधन विरामी बोक्नका लागि जान नसक्ने अवस्थामा पालिका भरिमा कम्तीमा एक स्वयम सेविका एक स्टेचर को व्यवस्था गर्नका लागि वजेट विनियोजन गरिने छ ।
- घर घरमा विशेषज्ञ सेवामा नागरिकलाई अनुभुति गराउन विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- गाँउपालिकामा भएका आखाँका विरामीहरुको असहजतालाई मध्यनजर गर्दै वार्षिक रुपमा एकपटक सल्यकृया सहितको आखाँ शिविर संचालन गरिनेछ ।
- पालिकामा रहेका एच.आई भी. संक्रमितहरुका लागि औषधी लिन तथा फ्लोअप गर्न जाँदा यातायात खर्चको लागि वजेट निनियोजन गरिनेछ ।

## आधारभुत अस्पताल तर्फः

मानव विकास सुचकांकमा पछाडि परेको सुदूर पश्चिम प्रदेशको पिछडिएको अछाम जिल्ला अन्तरगतको भौगोलिक विकटता एवं आर्थिक विपन्नताले ग्रसित यस मेल्लेख गाउँपालिकाको सर्वाङ्गिण विकासको यात्रामा स्वास्थ्य क्षेत्रको पनि महत्वपूर्ण अंस रहदै आएको / रहने कुरा सर्वविदितै छ । मेल्लेख गाउँपालिकावासिको गुणस्तरिय र सर्वसुलभ स्वास्थ्य सेवामा पहुँच बढाउन मेल्लेख गा.पाको पूर्ण स्वामित्व संचालित मेल्लेख आधारभूत अस्पतालको सेवा प्रवाहलाई जनमुखि सर्वसुलभ, प्रभावकारी र गणस्तरिय बनाउन प्राथमिकतामा राखि तदअनुरुप स्रोत साधन परिचालन हुनेगरि नीति तथा कार्यक्रम २०८०।०८१ मा समावेस गरि लगिने छ ।

- गुणस्तरिय आधारभूत स्वास्थ्य सेवामा सम्पूर्ण मेल्लेखवासीको समान पहुँचको सुनिश्चितता हुनेछ ।

- अस्पतालमा हाल संचालनमा रहेका सेवाहरुको गुणस्तर अभिवृद्धि तथा सुदृढिकरणका लागि आवश्यक व्यवस्था अलाईले छ ।
- आवश्यकताको आधारमा अस्पतालमा अन्य सेवाहरु आकस्मिक सेवा, अन्तरंग सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन सेवाका साथै अन्य सेवाहरु विस्तार गर्दै लगिने छ ।
- आधारभूत अस्पताललाई यस गा.पा. अन्तरगतका स्वास्थ्य संस्थाहरुको प्रेषण केन्द्रको रुपमा विकास गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र उत्पन्न हुने महामारी, संक्रामक रोग, प्राकृतिक विपत्तिद्वारा उत्पन्न हुने मानविय मस्या न्युनिकरण तथा व्यवस्थापनका लागि मेल्लेख आधारभूत अस्पताललाई विकास गरिने छ ।
- अस्पतालमा सेवा प्रवाहलाई व्यवस्थित बनाउन तथा सुरक्षा सतर्कता बढाउन समयानुकुल प्रविधिको तथा उपकरणको प्रयोगद्वारा प्रविधिमैत्री बनाउँदै लगिने छ ।
- अस्पतालको सेवा प्रवाहलाई बिना अवरोधात्मक रुपले संचालन गर्न चौविसै घण्टा तिन फेज विधुत जडान वैल्पिक उर्जा, शुद्ध सुरक्षित पिउने पानीको व्यवस्था गरिने छ ।
- आधारभूत अस्पतालको संस्था सुचिकृत तथा दरवन्दि स्वीकृतिका लागि आवश्यक पहल एवं प्रक्रिया अगाडि बनाईने छ ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।
- लाभग्राही संरक्षक राखी सामाजिक सुरक्षा रकम वितरण गर्ने कार्यलाई सहज बनाउन आवश्यक व्यवस्था गरिनेछ १, २ र ३ लाई थप प्राथमिकतामा राखी काम गरिनेछ।
- व्यक्तिगत घटना दर्ता कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता कार्यलाई प्रविधि मैत्री बनाउन कडाइका साथ नियमन गरिनेछ ।

## यूवा तथा खेलकुद तर्फ :

- मेल्लेख गाउँपालिकाको युवा तथा खेलकुद विकाशका लागि कार्यविधि निर्माण गरिनेछ।
- अध्यक्ष कप पुरुष भलिबल प्रतियोगिता संचालन गरिनेछ।
- उपाध्यक्ष कप महिला भलिबल प्रतियोगिता संचालन गरिनेछ।
- पालिकामा महिला तथा पुरुष खेलाडीहरुलाई प्रशिक्षण गरिनेछ।
- पालिकाका महिला तथा पुरुष खेलाडिहरु बिभिन्न खेलमा पालिका भन्दा बहिर खेलमा सहभागी हुन गराइने छ।
- पालिकाका प्रशिक्षकलाई स्पोर्ट तालीमको लागि पठाउने व्यवस्था मिलाईने छ।
- नि.मा.वि. र मा.वि. का एक वा दुईजना प्रशिक्षकलाई खेलकुद प्रशिक्षण तालीममा सहभागी गराईने छ।

- कृष्ण जन्माअष्टमीको अवसारमा मेल्लेख गाउँपालिका वडा नं. ०५ मा हुने पुरुष भलिबल प्रतियोगिता संचालनका लागि आवश्यक सहयोग गरिनेछ ।
- एक वडा एक खेल मैदानको व्यावस्था गरिनेछ ।
- खेलकुद प्रशिक्षकलाई प्रत्येक नि.मा.वि. र मा.वि. विद्यालयमा समय तालिका निर्माण गरि कार्यमा खटाईनेछ ।

## खानेपानी तथा सरसफाई :

१) मेल्लेख गाउँपालिकका अन्तर्गतका बाँकी वडामा एक घर एक धारा निर्माणको लागि पहल गरिनेछ र पलास्टिक र सिसा मुक्त पहलको लागि जनचेतना कार्यक्रम गरिनेछ ।

२) प्रत्येक वडामा रहेका वजार क्षेत्रमा फोहोर फाल्ने डस्वीनको व्यवस्थापनको लागि विशेष पहल गरिनेछ ।

३) बजार क्षेत्रमा फोहोरको लागी डम्पीङ्ग साईड निर्माण गरिने छ ।

## संस्कृति प्रवर्द्धन :

१) मौलिक कला सस्कृती जर्गना प्रवद्धन विकासका लागि कार्यविधि निर्माण गरि कार्यान्वयन गरिने छ ।

२) संस्कृति तथा कला क्षेत्र प्रवर्द्धन गर्नको लागि वजेटको व्यवस्थापन गरिनेछ ।

## रोजगार सेवा

१) आन्तरिक रोजगारि प्रब्रदन,दक्ष तथा सिपयुक्त जनसक्ति उत्पादन,सुरक्षित,मर्यादित तथा नियमित बैदेशिक रोजगारिका अबसर जस्ता पक्षहरुको समुचित बिकास गर्न रोजगार रणनिति बनाई लागु गरिनेछ ।

२) प्रधानमन्त्रि रोजगार कार्यक्रमलाई अझ प्रभाबकारी बनाउन सामुदायिक योजनाहरुमा पालिका तथा वडाको लागत साझेदारि गरि भौतिक पुर्बाधारको दिगो तथा स्तरिय बिकास गरिनेछ ।

३) स्थानिय स्तरमा रोजगारिको सृजना गर्नका लागी सम्भब भयसम्म सार्बजनिक निर्माण कार्यमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार लाई कामका खटाउन आबश्यक सहजिकरण गरिनेछ ।

४) श्रम स्विकृति तथा पुनःश्रम स्विकृतिका आबेदनलाई सरल,सुलभ तथा ब्यबस्थित रुपमा सहजिकरण गरिनेछ ।

५) प्रदेश तथा संधिय कार्यालय संग समन्वय गरि सिपबिकास तालिमका लागी आबश्यक सहजिकरण गरिनेछ ।

६) कामका लागि पारिश्रमिक तथा युवा रोजगारिका लागि रुपान्तरण कार्यक्रम अन्तर्गतका योजना हरु कार्यबिधि अनुसार कार्यान्यन गरिनेछ।

७) श्रमिकको ज्याला रकम सोझै बैंक खातामा जाने भयकाले खाता खोल्नका लागि बैंक संग आबश्यक सहजिकरण गरिनेछ।

८) बेरोजगार ब्यक्तिहरुको तथ्यांक संकलनका लागी वडा स्तरमै गयर आबश्यक छलफल,बैठक संचालन गरिनेछ।

९) निर्माण सामग्रि खरिदका लागि सरकारि तथा गैर सरकारी सँस्था संग आबश्यक छलफल तथा समन्वय गरिनेछ ।

### लैङिक समानता तथा सामाजिक समावेशीकरण :

- टुहुरा बालबालिकाहरुलाई शैक्षिक तथा आर्थीक सहयोगको लागी पहल गरिने छ ।
- अपाङ्गहरुलाई नियमानुसार परिचय पत्र वितरण गरिनेछ ।
- १ देखी ८ वडा सम्म महिला तथा बालबालीकाको भवनको लागि पहलगरिने छ ।
- किशोर किशोरीहरुलाई बालविवाह निरुत्साहन सम्बन्धी सडक नाटक तथा जिवन उपयोगी सीप रुपान्तरण कक्षा संचालनको व्यावस्था गरिनेछ ।
- पालिकामा रहेका अति जोखिममा रहेका बालवालिका तथा विपन्न परिवारहरुलाई आवश्यकताको पहिचान गरी सोको आधारमा राहातको पहल गरिनेछ ।
- बल संजाल, बालक्लव गठन तथा पुःन गठन गरिने छ ।
- हिँसामा रहेका महिलाहरुलाई न्यायको लागि आवश्यक पहल गरिनेछ ।
- एकल महिला तथा विपन्न समुदायका महिलाहरुको लागि सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- दलित लक्षित शसक्तीकरण कार्यक्रम लागु गरिने छ ।
- लैङ्गगिक हिंसा, नारी दिवस, हरितालिका तिज कार्यक्रमहरु लाई निरन्तरता दिदैं उक्त कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनको लागी पालिका स्तरीय महिला सञ्जाललाई सक्रिय बनाईनेछ
- दलित टुहुरा बालबालिकाहरुलाई निशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिने छ ।

## (ग) पूर्वाधार विकास तर्फ :

**सडक तथा पुल**

१) मेल्लेख गाउँपालिकामा प्रयोगमा आईरहेका मुख्य सडकहरुको स्तर बृद्धि र शाखा सडकहरुको निर्माण गरिने छ ।

२) विराबगर-ठाँटी-ऋषिदह सडक स्तरउन्नती गरिनेछ ।

३) हात्तिकोट कुस्कोट तोलिपाटा सडकको स्तर बृद्धि गरिने छ ।

४) मेल्लेख काटेगाउँ सरानी गाज्रा ऋषिदह सडकको स्तर उन्नती र निर्माण गरिने छ ।

५) मेल्लेख गाउँपालिका अर्न्तगतका सम्पुर्ण शाखा सडकहरुलाई पालिकाको पहुचमा पुऱ्याईने छ ।

## सिंचाई

१) आठ वटै वडामा एक/एक श्रोतमा आधारित वृहत सिंचाइका योजनाहरु निर्माण गर्न पहल गरिने छ।

## भवन तथा सहरी विकास

१) आफ्नो भवन नभएका वडाका वडा कार्यालय भवन निर्माण गर्न पहल गरिनेछ।

२) सहरी विकास गर्नको लागि एकीकृत वस्ति विकासलाई विशेष जोड दिइनेछ।

३) तीन पुस्ते लालपूर्जा नभएका अतिविपन्न दलित, सहिद र टुहुरा बालबालिका परिवारलाई आवासको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

४) कार्यालय कर्मचारीहरुको आवासको व्यवस्थाका लागि विषेश पहल गरिने छ।

५) मेल्लेख गाउँपालिका भित्र रहेका भौतिक अवस्था कमजोर रहेमा बिद्यालयका भवन निर्माण गर्न पहल गरिने छ।

६) गाउँपालिकाबाट निर्माण गरिएका आईसोलेसन भवनहरु वडा कार्यालय प्रयोजनको लागि अन्य सार्वजनिक सेवामा प्रयोग गर्ने व्यवस्था गरिएको छ।

## उर्जा, लघु तथा साना जलविद्युत

१) एक बर्ष भित्र विद्युतको केन्द्रीय प्रशारण लाइन कुस्कोट, ठाँटी, ऋषिदह मा विस्तार गरिनेछ।

२) यस वर्ष काम गर्दा छुटेका वस्तिमा विद्युत लाईन विस्तारको लागी वजेटको व्यवस्था गरिने छ।

३) ग्रामिण उर्जालाई ग्रेडमा जोड्न पहल गरिनेछ।

४) साना जलविद्युत योजनाको संरक्षण गरिनेछ।

५) सौर्य उर्जा, वायो ग्याँस वडा कार्यालय बिद्यालय स्वास्थ्य संस्थामा वैकल्पीक उर्जा जडानको लागी आवश्यक वजेटको व्यवस्था गरिने छ।

## सूचना प्रविधि तथा संचार

- पालिकालाई सूचना प्रविधिमैत्री बानाउन डजिटल साक्षरता (Digital Literacy) बढाउन विशेष पहल चालिने छ ।
- नागरीकको सूचना प्रविधिमा पहुँच बढाउन विषेश पहल चालिनेछ ।
- पालिका भरका आधारभुत अस्पताल, वडा कार्यालय, मावि विद्यालय सबैमा विद्युतिय हाजिरि संचालनमा ल्याईनेछ।
- पालिकामा एकिकृत सूचना व्यवस्थापन प्रणाली, पूर्वाधार व्यवस्थापन प्रणाली र गुनासो व्यावस्थापन प्रणाली जस्ता सूचना प्रणालीको उच्चतम प्रयोग गरी कागज रहित, पारदर्शिकता र सुशास प्रत्याभुति गराईनेछ ।
- संचलित सूचना प्रविधि केन्द्र र स्थानीय डाटासेन्टरलाई समेत एकै ठाउँ व्यास्थापन गरी सूचना प्रणालीहरु स्थानीय सर्भर मै होस्ट गरी सेवा प्रवाह गरिने छ ।

- वडाका मुख्य बाजारमा कम्तिमा ५ वटा सडक बत्ती र मुख्य सार्वजनीक क्षेत्रमा ठुला बत्तीहरु जडान गरिनेछ ।
- सूचना प्रविधिको प्रयोग जनताका जनगुनासा, सुझाव सुनुवाई तथा सम्बोधन गर्न महिनाको १ पटक **"जनतासँग जनप्रतिनिधि"** कार्यक्रम संचालन गरिनेछ ।
- पालिकाको केन्द्र सम्म टेलिफोन लाईन तथा ईन्टनेट फाईबरलाईन विस्तार गरिनेछ र पालिकाभर ईन्टनेट (Hotspot) संचालन गरिनेछ ।
- सूचना प्रविधिलाई चुस्त दुरुस्त राख्न आवश्यक जनशक्ती व्यवस्थापन गरिनेछ ।
- स्थानीय उत्पादनलाई विद्युतिय माध्यबाट बिक्री वितरण गर्न प्रचार प्रसार गर्न एकिकृत (e–commerce) पोर्टल निर्माण गरिने छ।
- सुरक्षा तथा संवेदनशिलताका आधारमा उच्च जोखिम सार्वजनिक क्षेत्रमा CCTV जडान गरिनेछ ।
- नवप्रवर्तन साझेदारी कोष अन्तर्गत सञ्चालित परियोजना लाई निरंतरता दिइनेछ। परियोजनाको उद्देश्य प्राप्तीका लागि आबश्यक क्रियाकलापहरु सञ्चालन गरि, नियमित अनुगमन, मुल्याङ्कन तथा मार्गदर्शन गरिनेछ । उक्त कार्यका लागि उचित बजेटको पनि ब्यवस्था गरिनेछ ।
- सञ्चार नेटवर्कहरु संग 4G नेटवर्क विस्तार तथा सुधारका लागि पहल गरिने छ।
- मेल्लेख गा.पा. मा रेडियो संचालनका लागी पहल गरिने छ।
- मेल्लेख १, २, र ३ का लागि NTC 4G टावर स्थापनाका लागी पहल गरिनेछ।

### (घ) वन, वातावरण तथा विपद् ब्यवस्थापन:

१) गा.पा. भित्रका दर्ता भै अस्तित्वमा रहेका सामुदायिक वन समितिहरुलाई गा.पा. मा सुचिकृत गर्ने व्यवस्था गरिने छ ।

२) वन क्षेत्रलाई संरक्षण गर्न सामुदायिक वनका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ।

३) जल उत्पन्न प्रकोप नियन्त्रण गर्न विपद् व्यवस्थापन कोषको व्यवस्थापन गरिनेछ।

४) फोहोरमैला व्यवस्थापन गर्न विशेष जोड दिइनेछ।

५) विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषको लागि वजेटको व्यवस्था गरिनेछ।

६) पूर्वाधार विकास क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

७) जडिवुटी संरक्षण र प्रवर्द्धनको लागी विज्ञहरुको पहल गरिने छ।

८) सामुदायिक वन वनाउन प्रोत्साहन गरिनेछ।

## (ङ) सुशासन तथा संस्थागत विकासः

- कार्यपालिका कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुको सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न सूचना प्रविधिमैत्री वजेट विनियोजन गरिने छ ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि वजेट विनियोजन गरिनेछ र प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरिएको छ ।
- कर्मचारी उत्प्रेरणाका लागि तालिम तथा पुरस्कारका व्यवस्था गरिनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता पारदर्शिताका मापदण्डहरुलाई कडा रुपमा लागू गरिनेछ ।
- उपभोक्ता समितिमा एउटै व्यक्ति दोहारिने प्रवृतिको अन्त्य गरिने छ ।
- योजनाको सार्वजनिक सुनुवाईमा प्राविधिक, जनप्रतिनिधि, पत्रकार लगायतको अनिवार्य उपस्थिति गराइने नीति अवलम्वन गरिनेछ ।
- योजनाको रकम भुक्तानी दिनु अघाडी अनिवार्य रुपमा अनुगमन गरिनुपर्ने व्यवस्था गरिने छ ।
- योजना स्थलमा होडिङ्गवोर्ड अनिवार्य राख्ने व्यवस्था मिलाउने ।

यो आ.व. २०८०।०८१ मेल्लेख गाउँपालिकाको अनुमानित आय ४५ करोड ९८ लाख र आन्तरिक आय ४० लाख गरि जम्मा रु ४६ करोड ३८ लाख र अनुमानित व्याय रु ४६ करोड ३८ लाख रहने छ ।

## अन्तमा,

कार्यान्वयनका चरणमा रहेका कमजोरीहरुलाई सच्याउँदै अघि बढ्न हार्दिक अनुरोध गर्दै यस अप्ठेरो बेलामा पनि सहयोग गर्नु हुने नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघ-संस्थाहरु प्रति हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सम्पूर्ण राजनीतिक दलहरु, शिक्षक, कर्मचारी तथा आम जनसमुदाय प्रति सहयोग र धैर्यताका लागि धन्यवाद दिंदै, आगामी दिनमा पनि सहयोगको आशा एवम् विश्वास व्यक्त गर्न चाहन्छु । धन्यवाद

२०८० असार १०

*समाप्त*